# जिल्ला विकास समितिको कार्यालय,

# लमजुङ

आर्थिक बर्ष ०७२/०७३ को

सामाजिक परीक्षण प्रतिवेदन

सामाजिक परीक्षक

श्री मनोज कुमार गोले

परामर्श दाता संस्था

## आर.डि.इन्जिनियरिङ्ग कन्सल्टेन्सी

## का.म.न.पा.वडा नं.-४, धुम्बाराही,काठमाण्डौ

फोन नं.:-०१-४००८६१२

## बिषय-सूची

| क्र.सं. | बिषय | पेज नं. |
|---|---|---|
| १. | सामाजिक परीक्षणको पृष्ठभुमि | १ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | २ |
| ३. | सामाजिक परीक्षण बिधि | २-३ |
| ४. | प्रारम्भिक तयारी, प्रस्तुतिकरण तथा छलफल | ३ |
| ५. | स्थानिय निकायको परीचय | ४-९ |
| ६. | स्थानिय निकायको प्राथमिकता तथा लक्ष्यहरु | १०-१७ |
| ७. | गत वर्षको मुख्य-मुख्य उपलब्धीहरु | १८-१९ |
| ८. | सामाजिक जिम्मेवारी र कार्यसम्पादनको लेखाजोखा (अनुसुची -१) | २०-३४ |
| ९. | सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझवहरु | ३५ |
| १०. | केही योजनाहरुको स्थलगत अवलोकन झलकहरु (अनुसुची -२) | ३६-४५ |
| ११. | कार्यक्रम सञ्चालनका केहि झलकहरु (अनुसुची -३) | ४६-४७ |
| ११.१ | कार्यक्रममा उपस्थित सहभागिहरुको नामावली (अनुसुची -४) | ४८-४९ |

# कार्यविधीको अनुसूची ४ अनुसारको
# जिल्ला विकास समितिको कार्यालय लमजुङको आर्थिक वर्ष ०७२/०७३ को
# सामाजिक परीक्षण प्रतिवेदन

## १. पृष्ठभूमि

सामाजिक परीक्षणको परिभाषा समानता भेटिँदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरु छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणका व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संख्याको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संख्यागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुसार वर्षमा एक पटक सामाजिक परीक्षण गर्नै पर्ने प्रावधान भएकोले स्थानीय निकायहरु (जिल्ला विकास समिति, महानगरपालिका, उप-महा नगरपालिका, नगरपालिका र गा.वि.स.हरु) ले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गरी सक्नुपर्छ । यसका लागि स्थानीय निकायले सो निकायसँग प्रत्यक्ष सम्बन्ध नभएको विज्ञलाई सामाजिक परीक्षकको रुपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।

सामाजिक परीक्षणलाई अनुसन्धनात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद् पेश गर्नु पर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरुले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभाव सम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरुले सघाउँनेछन् । सामाजिक परिक्षण कार्यविधि २०६७ बमोजिमको अधिनमा रहि **जिल्ला विकास समितिको कार्यालय लमजुङ**को आर्थिक वर्ष ०७२/०७३ को सामाजिक परीक्षण गरिएको छ ।

## २. <u>सामाजिक परीक्षणको उद्देश्य</u>

स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप जि.वि.स.को एक आर्थिक वर्षमा जि.वि.स. कै समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षण सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै जि.वि.स.लाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्र विन्दुमा रहेका छन् ।

## ३. <u>सामाजिक परीक्षण विधि</u>

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहाय बमोजिमका विधिहरुको प्रयोग गरिएको थियो ।

### ३.१ <u>सन्दर्भ सामग्री समीक्षा र अध्ययन</u>

- स्थानीय निकाय सम्बन्धी ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु
- स्थानीय निकायको सामाजिक विजम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरुको समेत)
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- बार्षिक प्रतिवेदनहरु

### ३.२ <u>अन्तवार्ता र समूह छलफल</u>

**जिल्ला विकास समितिको कार्यालय लमजुङ**को पदाधिकारीहरु, कार्यकारी अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरुका लागि सम्बन्धित कर्मचारीहरुको सानो समुह बनाई समुह छलफल गरियो । प्रमुख समस्या, चुनौती तिनीहरुको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गरिएको थियो ।

## ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

निम्नानुसारका शीर्षकमा केन्द्रिकृत रहि प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरु
- सामाजिक परीक्षणकले औंल्याएका सवालहरु
- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु सुझावहरु संकलन

# ४. प्रारम्भिक तयारी, प्रस्तुतिकरण तथा छलफल

## ४.१ प्रतिवेदन तयारी

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा छलफलमा उठेका सुझावहरु र अन्तिम प्रतिवेदन तयारी गरिएको छ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- बृहत छलफल कार्यक्रमको विवरण
- अध्ययनको सिमा
- बृहत छलफल कार्यक्रमको विवरण
- स्थानीय निकाय र विषयगत कार्यालय गैससहरुको विवरण संलग्न राख्ने (अनुसूची २ र ३)
- सामजिक परीक्षणबाट देखिएका सवालहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

## ४.२ सामाजिक परीक्षणमा समावेश भएका पक्षहरु

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्था अनुसार विषयगत कार्यालय र जि.वि.स.को वार्षिक कार्यक्रम / आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा जि.वि.स.कै अभिन्न अंगको रुपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएको तर यस जि.वि.स.को वार्षिक योजनामा अन्य कुनै पनि कार्यालय तथा गैर सरकारी संस्थाहरुको योजना समावेश  छैन ।

## ५.स्थानिय निकायको संक्षिप्त परिचय

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने गण्डकी अञ्चलका ६ वटा जिल्लाहरु मध्य एक ऐतिहासिक महत्व रहेको लमजुङ जिल्ला भौगोलिक रुपमा मध्य पहाडी क्षेत्रदेखि उत्तरी हिमाली क्षेत्रसम्म फैलिएर रहेको छ । नेपालको झण्डै वीच भागमा पर्ने जैविक विविधताको धनी र पर्यटकीय दृष्टिले यो जिल्लाले १, ६९२ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । गुरुङ जातिको वाहुल्यता रहेको यस जिल्ला ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वको हिसावले प्रमुख स्थानमा रहन्छ । नेपाललाई चिनाउने संस्कृति मध्य लोकदोहोरी गीतको उदगम स्थल यस जिल्लालाई मानिन्छ । समुन्द्र सतहवाट ८०० मिटर उचाईमा पर्ने यस जिल्लाको सदरमुकाम वेसीसहर पृथ्वी राजमार्गमा पर्ने तँनहु जिल्लाको डुम्रे वजार देखि ४२ किलोमिटर उत्तरमा पर्दछ । राजनैतिक एवं प्रशासनिक दृष्टिकोणले यस जिल्लालाई ३५ गाउँ विकास समिति ५ नगरपालिका ११ इलाका र २ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ ।

पाँचसय वर्ष पहिलेको इतिहास यद्‌यपी आधिकारिक रुपमा लेखिएको पाइदैन तापनि यस जिल्लाको उत्तर तथा उत्तरपश्चिमी अग्ला लेकाली प्रदेशमा पशुपालन व्यवसायको विकास गरी प्राचीन कालदेखि वसोवास गर्दै आएका गुरुङ तथा घले जातिहरुले आफ्नो भाषा संस्कृति रहनसहन तथा सामाजिक आर्थिक तथा राजनीतिक संरचनाको स्थापना गर्दै आएको पाइन्छ । सामान्य खोज तथा अनुसन्धानले समग्र जिल्लाको उत्तरी भेक गुरुङ तथा घले जातिको सामाजिक तथा राजनीतिक प्रभाव क्षेत्र भित्र रहेको थियो भन्ने जानकारी प्रदान गरेका छन । जिल्लाको दक्षिणी भेकको टार तथा वेसीहरुमा क्षेत्री, ब्राम्हण, दमै, कामी, सार्की आदि जातिको मानिसहरु वसोवास गर्दै आएको पाईन्छ ।

**जि.विस.:-** जिल्ला विकास समितिको कार्यालय, लमजुङ

**विकास क्षेत्र:-पश्चिमाञ्चल विकास क्षेत्र**

**अञ्चल:-गण्डकी अञ्चल**

**जिल्ला:- लमजुङ जिल्ला**

**निर्वाचन क्षेत्र:-क्षेत्र नं.-२**

**ईलाका संख्या:-११**

**जिविसको जम्मा घरधुरीसंख्या:-४२०७९**

**जिविसको जम्मा जनसंख्या:- १६७७२४**

**पुरुषको संख्या:-७५९१३**

**महिलाको संख्या:-९१८११**

**जनघनत्व:-९९.१३ वर्ग कि.मि.**

**<u>समुन्द्र सतहदेखिको उचाई</u>:-३८५ मि. रम्घाटार ० देखि ८१६२ मि.मनास्लु हिमालसम्म**

**<u>जिविसको जम्मा क्षेत्रफल</u>:-१६९२ वर्ग कि.मि. ९१,६९,२०० हेक्टर**

**<u>भौगोलीक अवस्थिति</u>:-**

**<u>आक्षांस</u>:-२८°०३'१९" देखि २८°३०'३८" उत्तरी अक्षांस सम्म**

**<u>देशान्तर</u>:-८४°११'२३ देखि ८४°३८'१०" पूर्वी देशान्तर सम्म**

**<u>सिमाना</u>**

**<u>पुर्वमा</u>:-गोरखा जिल्ला**

**<u>पश्चिममा</u>:-कास्की जिल्ला**

**<u>उत्तरमा</u>:-मानाङ जिल्ला**

**<u>दक्षिणमा</u>:-तनहुँ जिल्ला**

**<u>नगरपालिकाको संख्या</u>:-२ बेसीशहर र सुन्दर बजार**

**<u>मुख्य धार्मिक तथा एतिहासिक पिर्यटकीय स्थलहरु</u> :- दूधपोखरी, बाह्रपोखरी, मेमेपोखरी, इलमपोखरी, तातोपानी (बाहुन डाँडा)**

❖ **<u>मुख्य धार्मिक तथा एतिहासिक पर्यटकीय स्थलहरु</u>**

| क्र.सं. | धार्मिक तथा ऐतिहासिक पर्यटकीय स्थलहरु | कैफियत |
|---|---|---|
| १. | बेसीशहर, गाउँशहर, लमजुङ दरवार, पुरानकोट, राइनासकोट, जिताकोट, गौडाकोट, सिन्दुरेढुङ्गा, कुन्छागढी, इलमपोखरी, हिलेटक्सार, घलेगाउँ, घनपोखरा, घोप्टे, जिम्दु, हरिसिङ डाडा, सिउरुङ, जगत, स्यागे, र्घेमु, वाहुनडाँडा, डादी, भुलभुले, खुदी, नरुवल, तार्कुकोट, गहते, वजारकोट, गढी, कुन्छा, टक्सार, गुन्द्रुमपोखरी, रम्घाटार, दुइपिप्ले, समिभञ्ज्याङ्ग पुरानो हटिया, तान्द्राङकोट गढी, इशानेश्वर महादेव, गिलुङ, घामाङ, पसगाउँ, भुजुङ, नाल्मा, उदीपुर, कालिका, अकला मन्दिर, चेपेघाट | |

❖ **<u>मुख्य सांस्कृतिक चाडपर्वहरु</u>**

नववर्ष वैशाख पूर्णीमा, जनै पूर्णीमा, गाईजात्रा, कृष्णष्टमी, तीज, कोजाग्रत पूर्णीमा, ठूलो एकादशी, ल्होसार, माघे संक्रान्ति, शिवरात्री, चैते दशै, वडा दशै र तिहार आदि पर्दछन ।

## ❖ यस जिल्लामा रहेको मुख्य हिमालहरु

| क्र.सं. | हिमालहरु | उचाई | कैफियत |
|---|---|---|---|
| १ | मनास्लु | ८१६२ मिटर | |
| २ | मनास्लु दक्षिण | ७९३७ मिटर | |
| ३ | लमजुङचुली | ६९८८ मिटर | |
| ४ | अन्नपूर्ण दोश्रो | ७९३९ मिटर | |
| ५ | हिमालचुली | ७६४७ मिटर | |
| ६ | बुद्ध हिमाल | ६६७४ मिटर | |

## ❖ मुख्य बजारहरु

बेसिशहर, उदीपुर, भोटेवडार, सुन्दरबजार, पाउँदीवजार, तार्कुघाट, सोतीपसल, भोर्लेटार, खुदी, भुलभुले, ङादी, वाहुनडाँडा, घेर्मु, स्याङे, जगत, च्याम्चे, तिलहार, दुईपिप्ले आदि छन् ।

## ❖ मुख्य नदीहरु

मर्स्याङदी, मादी, चेपे, मिदिम, दोर्दी, खुदी, ङादी, मिदिम, रिस्ती, पाउँदी, किसेदी, रुदी, पिस्ती, नाउँदी, लाङदी आदि पर्दछन ।

## ❖ वन जंगलमा पाईने रुख विरुवाका किसिम

साल, सिसौ, उत्तिस, वकाईनो, सिरिस, सिमल, हर्रो, वर्रो, सौर, टुनी, आँप, कुटमिरो, इपिलइपिल, चिलाउने, चाँप, कटहर, वडर, काभ्रो, लप्सी, लाँकुरी, पाखुरी, पाँचे, पड्के, वोधँयरो, लहरेपिपल, कदम, अमारो, कटुस, काभ्रो, रातपाते, मौवा, खयर, तिँदु, फलदो, कवदवे, कदम, मलेतो, क्यामुनो, खिर्रो आदि

## ❖ वन क्षेत्रमा पाईने जडिवुटीहरु

डाँफे, मुनाल, जुरेली, कुथर्के, ढुकुर, लाटोकोसेरो, हुचिल, कोकल, फिष्टो, चित्रा, काजिल, मैना, लामपुच्छ्रे, काग, सुगा, चिल, पानी, हाँस, वकुल्ला आदि पाईन्छ ।

## ५.१. जि.वि.स. लमजुङको वडा अनुसार घरधुरी जनसंख्या विवरण

| जनसंख्या विवरण | | | | |
|---|---|---|---|---|
| वडा नं. | घर धुरी | पुरुष | महिला | जम्मा |
| १. | ४२४ | ७०३ | ९०२ | १६०५ |
| २. | ६०९ | १०५८ | १४०० | २४५८ |
| ३. | ४८० | १०१० | १०८५ | २०९५ |
| ४. | ४०८ | ७३२ | ९२७ | १६५९ |
| ५. | ७१८ | १३०९ | १५३५ | २८४४ |
| ६. | ५७२ | ११८३ | १२९४ | २४७७ |
| ७. | ४२९१ | ६९८८ | ८४५४ | १५४४२ |
| ८. | ५४९ | ९७१ | १२१९ | २१९० |
| ९. | ५८४ | ९६३ | १२७६ | २२३९ |
| १०. | ४७६ | ९२३ | १०६९ | १९९२ |
| ११. | १०३३ | १८३२ | २२२७ | ४०५९ |
| १२. | २०७४ | ३३९२ | ४१६८ | ७५६० |
| १३. | ३५३ | ६६० | ८४६ | १५०६ |
| १४. | ७१२ | १३५७ | १६३० | २९८७ |
| १५. | ५११ | ९६८ | १११९ | २०८७ |
| १६. | १२५३ | २१६८ | २८४३ | ५०११ |
| १७. | ४९२ | ८६४ | १०३१ | १८९५ |
| १८. | ५४६ | ८४४ | १११४ | १९५८ |
| १९. | १२९९ | २३४८ | २८१८ | ५१६६ |
| २०. | ११५४ | १९०९ | २५१६ | ४४२५ |
| २१. | ५५३ | १२५५ | १३७० | २६२५ |
| २२. | ३११ | ५२८ | ७२६ | १२५४ |
| २३. | ४७० | ९०१ | १०६८ | १९६९ |
| २४. | ५१९ | ७९८ | ९८८ | १७८६ |
| २५. | २८४ | ६७६ | ७२९ | १४०५ |
| २६. | ६१६ | १२१९ | १४३८ | २६५७ |
| २७. | १७५७ | २८५९ | ३७५२ | ६६११ |
| २८. | ६४८ | १३६० | १५३३ | २८९३ |
| २९. | ४०२ | ८२२ | ९५४ | १७७६ |
| ३०. | ४१४ | ६८८ | ८७१ | १५५९ |
| ३१. | ४१३ | ७२५ | ९५४ | १६७९ |
| ३२. | ६०८ | १२०४ | १४४६ | २६५० |

| | | | | |
|---|---|---|---|---|
| ३३. | ७६४ | १३३० | १६६१ | २९९१ |
| ३४. | ५७८ | ९६६ | १२२५ | २१९१ |
| ३५. | ५१७ | ९६७ | ११६० | २१२७ |
| ३६. | ८२६ | १५१० | १८९१ | ३४०१ |
| ३७. | ३८५ | ७२८ | ८८४ | १६१२ |
| ३८. | ५१४ | ८०७ | १०४८ | १८५५ |
| ३९. | ३०८ | ५५४ | ६७० | १२२४ |
| ४०. | ५७१ | ९७६ | १२९३ | २२६९ |
| ४१. | ४३८ | ८२७ | ९५२ | १७७९ |
| ४२. | ५३० | ९९० | १२३३ | २२२३ |
| ४३. | ४१६ | ७२६ | ९७१ | १६९७ |
| ४४. | ५६१ | ११४९ | १३२० | २४६९ |
| ४५. | ७०६ | ११२७ | १५१९ | २६४६ |
| ४६. | ३८२ | ७६१ | ९३३ | १६९४ |
| ४७. | ३०१ | ५२६ | ६५९ | ११८५ |
| ४८. | ४५२ | ८०९ | ९३० | १७३९ |
| ४९. | ७९५ | १४२६ | १७३२ | ३१५८ |
| ५०. | ३०९ | ७५० | ७६७ | १५१७ |
| ५१. | ४७३ | ८०८ | ९७१ | १७७९ |
| ५२. | ८२० | १४४७ | १८४२ | ३२८९ |
| ५३. | ३११ | ५६९ | ८२२ | १३९१ |
| ५४. | १७९५ | २९४० | ३७७५ | ६७१५ |
| ५५. | ४४९ | ६६२ | ९०० | १५६२ |
| ५६. | ५२१ | १११३ | १२०५ | २३१८ |
| ५७. | ६१९ | १०७८ | १३४६ | २४२४ |
| ५८. | ४२३ | ७६४ | ९३५ | १६९९ |
| ५९. | ७७२ | १२६६ | १६२७ | २८९३ |
| ६०. | ६९८ | १२१० | १४८२ | २६९२ |
| ६१. | २८१ | ४९२ | ६०० | १०९२ |
| ६२. | ३१ | १४१८ | १५६ | १५७४ |
| **जम्मा** | ४२०७९ | ७५९१३ | ९१८११ | १६७७२४ |

**श्रोतः- केन्द्रीय तथ्यांक विभाग, राष्ट्रिय जनगणना २०६८ अनुसार**

## ५.२ लमजुङ जिल्लाको नक्सा




श्रोत:- केन्द्रीय तथ्यांक विभागको नक्सांकन अनुसार

## ६.स्थानिय निकायको प्राथमिकता तथा लक्ष्यहरु

### सडक यातायाततर्फ

- जिल्ला यातायात गुरुयोजना वमोजिम जिल्लाले प्राथमिकरण गरेका सडकहरुमध्ये क्षेत्रीय सन्तुलन मिल्ने गरी रणनीतिक महत्वका सडकहरुमा थप श्रोत परिचालन गरिनेछ भने अन्य सडकहरुको पनि स्तरोन्नतीमा जोड दिइनेछ ।
- जिविस अन्तर्गत कार्यान्वयनका क्रममा रहेका सडक आयोजना, राष्ट्रिय स्तरमा संचालित पुष्पलाल (मध्य पहाडी) लोकमार्ग लगायतका आयोजनाहरुले जिल्लामा पुऱ्याउने सेवाको लेखाजोखा गरि क्षेत्रीय सन्तुलन मिलाउनेगरी सडकमा श्रोत परिचालन गरिनेछ ।
- जिल्ला सदरमुकामवाट गा.वि.स.को केन्द्र जोडने सडकहरुलाई प्राथमिकता दिदै गाविसहरुलाई सडक सञ्जालमा जोड्ने नीति लिइनेछ ।
- जिल्ला विकास समितिले निर्माण गरेका सडकहरुको चेनेज कायम गर्ने काम यसै वर्ष सुरु गरिसकिएकोछ भने जिल्ला यातायात गुरुयोजना पुनारावलोकन तथा सडकको क्षेत्राधिकार कायम गर्न पहल गरिनेछ । यस वाट कामको दोहोरोपना हटनुको साथै बजेटको दुरुपयोग रोक्न मद्दत पुग्ने विश्वास लिएको छ ।
- हालसम्म निर्माण भएका सडक सिचाई खानेपानी सम्बन्धी भौतिक पूर्वाधारहरुको दिगोपना कायम गर्न मर्मत संभार कार्ययोजना बनाई क्रमश: कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
- सडक निर्माडमा मेशिन प्रयोगलाई न्यूनिकरण तथा व्यवस्थित गर्न भारी उपकरण प्रयोग सम्बन्धि नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- पूर्वाधार तथा सडक निर्माणको कारण भएको वातावरणीय क्षती न्यूनीकरण तथा सुधारका लागि जिल्ला विकास समितिवाट सञ्चालित १५ लाख भन्दा माथीका सडक आयोजनाहरुमा वातावरणीय संरक्षणको लागि लागतको ३ प्रतिशत रकमको व्यवस्था गरि सोही आयोजना सम्बद्ध वातावरण संरक्षणको कार्यमा खर्च गरिनेछ ।
- निर्माणधिन सडकपुलहरुलाई यथाशिघ्र सम्पन्न गराउन पहल गरिनेछ । तथा केही रणनीतिक महत्वका र ठूलो लगानीका सडक तथा सडकपुलहरु निर्माणका लागि केन्द्रमा बजेट माग गरिनेछ ।

### कृषि तथा पशुपालनतर्फ

- व्यवसायीक कृषि तथा पशुपालनका लागि संभाव्य क्षेत्र पहिचान त्यस्ता क्षेत्रलाई पकेट क्षेत्र घोषणा गरि कृषि तथा पशुपालनका क्षेत्रमा नतिजामूलक योजना प्रक्रियालाई अवलम्वन गरिनेछ ।

- एकिकृत श्रोत परिचालन तथा कार्यक्रम सञ्चालन मार्फत अलैंची खेतिलाई प्रवर्धन गर्न विषयगत तथा अन्य गैरसरकारी निकायलाई प्रोत्साहित गरि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- दुध, अण्डा र मासुजन्य उत्पादन वृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन तथा उत्पादनको विविधिकरण र सहज बजार पहुँचको लागि आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- हिउदे र बहुवर्षे पोषिलो घाँस खेती कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- मर्मत सम्भार कोष तथा सेवा शुल्क लिने नीति अवलम्वन गरिनेछ ।
- जिल्लाका ठूला सिंचाइ प्रणालीको वृहत मर्मतका लागि पहल गरिनेछ । लामो समयदेखि क्रमागत रुपमा संचालन भैरहेका सिंचाइ योजनाको सिघ्र सम्पन्नताको लागि पर्याप्त बजेट विनियोजनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ ।
- जिल्लाको योजना तर्जुमा प्रक्रिया वाहिरवाट वा जि.वि.स.को समन्वय विना केन्द्रवाट सोझै रकम विनियोजन गर्ने परिपाटिलाई निरुत्साहित गर्न सर्वदलिय पहल गरिनेछ ।
- साना तथा छोटो अवधि भित्र सम्पन्न हुने वाहेक अन्य योजना सिंचाई डिभिजन कार्यालय मार्फत कार्यान्वयन हुने नीतिगत तथा कार्यगत व्यवस्था मिलाउन पहल गरिनेछ ।
- स्थानीय तहवाट माग भई आएका योजनाहरुको पूर्वसम्भाव्यता अध्ययनको कार्यलाई अघि बढाइने छ ।

**<u>पर्यटन संस्कृति तथा साहित्य प्रवर्द्धनतर्फ</u>**

- अन्पूर्ण क्षेत्र संरक्षण आयोजना तथा अन्य क्षेत्रवाट प्राप्त हुनुपर्ने बक्यौता रकम यकिन गरि प्राप्त गर्ने तथा पर्यटन रोयल्टी रकम वृद्धिको लागि पहल गरिने छ ।
- MCAP को क्षेत्र विस्तार गरि लमजुङको सम्भावित गाविसहरु सामेल गराउने र मनास्लु क्षेत्र संरक्षण आयोजनावाट समेत रोयल्टी रकम प्राप्त गर्न पहल गरिने छ ।
- जिल्ला पर्यटन गुरुयोजना वमोजिम जिल्लाको पर्यटकीय गन्तव्यस्थलको विकास, ग्रामीण पर्यटन दृश्यावलोकन, होमस्टे तथा अन्य पर्यटकीय अवसरहरुको पहिचान तथा प्रवर्द्धन गरिनेछ । साथै नयाँ पर्यटकीय सेवा पहिचान र प्रवर्द्धनका लागि सरोकारवालाहरुलाई प्रोत्साहन तथा सहयोग गरिने छ ।
- जिल्लामा रहेका ऐतिहासिक तथा नवनिर्मित पर्यटन पूर्वाधारको संवर्द्धन गर्नेगरि नयाँ ट्रेकिङ्ग रुटको पहिचान विकास तथा पर्यटन प्रवर्द्धनजन्य संरचनाहरु निर्माण गर्दै लगिने छ ।
- दक्षिण एसियाकै नमूना पर्यटकीय गाउँ घले गाउँ तथा अन्य पर्यटकीय गाउँ सम्मका पहुँच मार्ग निर्माण तथा स्तरोन्नतीत साथै जिल्लामा हवाई मैदान निर्माणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरिने छ ।

- जिल्लाको भाषा, भेषभुषा, लोकसंस्कृति र कला साहित्यको संरक्षण र सम्वर्द्धनको लागि आवश्यक सहयोग पुऱ्याइनेछ ।

<u>खानेपानी तथा सरसफाईतर्फ</u>

- नयाँ खानेपानी आयोजनाको निर्माण, मर्मत संभार / पून निर्माण तथा विस्तार गर्दा एक घर एक धाराको अवधारणालाई लागत साझेदारीको अवधारणा अनरुप कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ । साथै दलित तथा अति विपन्न वस्तीमा भने विशेष व्यवस्था गरि कार्यक्रम संचालन गरिनेछ ।
- लमजुङ जिल्ला खुल्ला दिशामुक्त जिल्ला घोषणा भइसकेकोले भूकम्प पछिको अवस्थालाई समेत ख्याल गरि सार्वजनिक शौचालय स्तरोन्नती, विस्तार मर्मतसंभार एवं पूननिर्माण अघि बढाईने छ । साथै यसै वर्ष देखि सुरु भएको पूर्ण सरसफाई घोषणा अभियान अन्तर्गत पूर्ण सरसफाईयुक्त गाविस घोषणा कार्यक्रमलाई जिल्लाको महत्वपूर्ण अभियानका रुपमा कार्यन्वयन गरिनेछ ।

**<u>विद्युतिकरण तथा बैकल्पीक उर्जातर्फ</u>**

- नेपाल विद्युत प्राधिकरण जिल्ला कार्यालयसँगको समन्वयमा यस जिल्लामा विद्युत सेवा नपुगेका घरधुरीलाई लक्षित गरि "उदाको पालो सबै घर उज्याला" नामको अभियान सञ्चालन गरिनेछ । विद्युत रोयल्टीको अधिकांश अशं विद्युतिकरणमा नै खर्च गर्ने व्यवस्था मिलाईनेछ ।
- जलविद्युत लगानीमा न्यायोचित रुपमा जिल्लावासी तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दाको शेयर स्थापीत गर्न र विद्युत रोयल्टी रकमको नियमसँगत बाँडफाँड गरी यस क्षेत्रमा लगानी मैत्री वातावरण निर्माण गर्न जि.वि.स.को पहलमा एक सर्वदलिय सर्वपक्षिय संयन्त्र निर्माण गरि क्रियाशिल बनाईने छ ।
- विद्युत ट्रान्समिसन लाइनको समयमै निर्माण सम्पन्न गर्नमा रहेका प्रविधिक जटिलता लगायतका समस्या संसोधन र व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ ।
- विद्युत रोयल्टीवाट प्राप्त रकमवाट वातावरण संरक्षण र जलवायु अनुकुलनका क्षेत्रमा खर्च गर्ने र सम्बन्धित जलाधार क्षेत्रका विद्युत आयोजनाहरुलाई समेत यस कार्यक्रममा सहभागी हुन प्रोत्साहन गरिने छ ।

**<u>शिक्षा खेलकुद संस्कृति तथा युवावर्गतर्फ</u>**

- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि वालमैत्री शिक्ष र शैक्षिक संरचनामा सुधार गर्दै बालमैत्री स्थानीय शासन अवधारणा कर्यान्ययनमा ल्याइनेछ ।

- स्वीकृत नक्शांकनको आधारमा प्रारम्भीक वालविकास केन्द्र तथा सबै आधारभुत तहको भौतिक संरचना निर्माण र सिकाई सामाग्रीको उपलब्धतामा जोड दिइनेछ । साथै पुराना तथा जिर्ण शैक्षिक संरचना निर्माण सुधारका लागि केन्द्रमा पहल गरिनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सबै सरोकारवालाहरुलाई उत्तरदायी बनाउने नीति लिइनेछ ।
- अनिवार्य तथा निशुल्क आधारभुत शिक्षा सुनिश्चित गर्ने विगतदेखि संचालित अभियानलाई टेवा पुऱ्याउनका लागि दलित, विपन्न तथा असहाय वालवालीकालाई लक्षित गरि पोशाक तथा शैक्षीक सामाग्री उपलब्ध गराउन “एक बालक एक अभिभावक” नामक स्वेच्छिक अभियानमा सरिक हुन आम समूदायलाई आहवान गरिनेछ ।
- खेलकुदका क्षेत्रमा जि.वि.स.वाट गरिने लगानीमा वृद्धि गर्दै जिल्ला खेलकुद विकास समिति सँगको समन्वयमा जिल्लामा स्तरीय खेल मैदान तथा खेलकुद पूर्वाधार विकासको गुरुयोजना समेत निर्माण गरी बजेट व्यवस्थाका लागि केन्द्रमा पहल गरिनेछ ।
- घरेलु उद्यम तथा उद्यमशिलताको विकास तथा व्यवसायीकरण स्वरोजगारमुलक सीप विकास र व्यवसायीक कृषि तथा पशुपालनतर्फ आकर्षित गरि युवा जनशक्तिको बढदो विदेश पलायनलाई निरुत्साहन गर्न उद्योग वाणिज्य संघको अगुवाईमा प्रेरणा तथा प्रोत्साहनमूलक कार्यक्रम निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- विविध धर्म, संस्कृति, संस्कार र परम्पराको संरक्षण संवर्द्धन र प्रवर्द्धनका लागि पहल गरिनेछ ।

**<u>स्वास्थ्यतर्फ</u>**

- यस वर्ष पूर्ण खोप गाविस शत प्रतिशत सुत्केरी स्वास्थ्य संस्थामा गराउने गाविस घोषणा जस्ता कार्यक्रममा जोड दिइनेछ ।
- सुनौला हजार दिन भित्रका आमा र बच्चाहरुको लागि पोषण तथा सरसफाई सम्बन्धी कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ । कार्यक्रमलाई अझ प्रभावकारी पार्न र लक्षित समूदायमा कार्यक्रम पुऱ्याउन सहयोगी संस्थाहरुको ध्यान केन्द्रित गरिनेछ ।
- प्रसुती सेवा केन्द्रको विस्तार स्वास्थ्य संस्थाहरुको भवन निर्माण तथा मर्मत संम्भारमा तथा स्तरवृद्धिमा प्राथमिकता दिइएको छ ।
- महिला स्वास्थ्य स्वयंसेवीकाहरुको व्यवस्थापनको लागि जिल्लास्तरमा पहल गर्ने तथा यस सम्बन्धमा जिल्लावाट व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्नुहुनेमा सदस्यज्यूहरुलाई समेत अनुरोध गर्दै केन्द्रको ध्यानाकर्षण गरिनेछ ।
- परिवार नियोजनको साधन प्रयोगदरमा वृद्धि ल्याउन खालका कार्यक्रम संचालन गरिनेछ ।

**वन वातावरण तथा भू-संरक्षणतर्फ**

- पूर्ण सरसफाई धुँवा रहित भान्छा घोषणा लगायतका राष्ट्रिय अभियानजन्य कार्यक्रमलाई जिल्ला स्तरमा सरोकारवालासँगको समन्वयमा उच्च प्राथमिकताका साथ संचालन गरिनेछ ।
- गाविस स्तरमा समेत विपद् व्यवस्थापन योजना तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई विपद् जोखिम न्यूनीकरणको लागि पहल गर्न गाविसहरुलाई समेत प्रोत्साहन गरिनेछ । जिल्लाको सवै गा.वि. स. हरुमा विपद् व्यवस्थापन कोष स्थापना गरी अनिवार्यरुपमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाईनेछ ।
- जिल्ला विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । साथै आपतकालीन कार्यसञ्चालन केन्द्रको परिचालनमा सवै सरोकारवालाहरुको सहयोग जुटाइने छ ।
- जलवायु परिर्वतनको असर न्यूनिकरण र स्थानीय अनुकुलका कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- EFLG वातावरणमैत्री स्थानीय शासन कार्यक्र यसै आ.व.देखि ६ वटा गाविसमा संचालन गरी हावा, पानी र माटो संरक्षणको प्रयासको थालनी गरिएको र आगामी वर्ष देखि क्रमश: अन्य गाविसमा समेत विस्तार गरिनेछ ।

**घरेलु उद्यम तथा रोजगारी प्रबर्द्धनतर्फ**

- स्वरोजगार सिर्जना हुन सक्ने लामो अवधिका सीपमूलक तालिमहरुमा बहुनिकायगत श्रोतलाई एकिकृत (डालो) प्रणाली अनरुप सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- लमजुङ जिल्लामा व्यवस्थित औद्योगिक क्षेत्र पहिचान तथा औद्योगीक ग्रामका रुपमा विकास गर्न संभाव्यता अध्ययन लगायतका आवश्यक प्रक्रिया सुरु गरिनेछ ।
- दलित विपन्न र पिछडिएका वर्ग लक्षित सीपमूलक तालिमहरु सञ्चालन गर्ने साथै आयआर्जनका क्षेत्रमा लमजुङ उद्योग वाणीज्य संघ सँगको सहकार्यमा एकिकृत रुपमा पर्यटन जलविद्युत व्यवसायीक कृषि तथा पशुपालन सँग सम्बन्धित तालिम तथा विषयगत कार्यशाला सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

**सूचना तथा सञ्चारतर्फ**

- जिल्लामा सञ्चालित विकास निर्माण वस्तु र सेवा प्रवाहको अवस्था तथा जिल्लाको अवसर र सम्भावनाका वारे सकारात्मक सूचना प्रवाह एवं बहस प्ररवी गर्ने कार्यमा सबै संचार माध्यम र संचार गृहहरुसँग सहकार्य र समन्वय गर्ने पद्धति स्थापना गरिनेछ । स्थानीय सञ्चार माध्यमको संस्थागत विकासमा यथासक्य सहयोगको नीतिलाई निरन्तरता दिइनेछ ।
- विकास निर्माण र स्थानीय निकायवाट प्रदान गरीने सेवाको स्तर वृद्धि गर्न तथा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्न प्रोत्साहन हुनेगरी गत वर्ष घोषणा गरिएको विकास पत्रकारिता अक्षय कोषका लागि रकम व्यवस्था गर्ने तथा कार्यविधि निर्माण गर्ने कार्य चालु आ.व.मै सम्पन्न गरिनेछ ।

- नेपाल टेलिकमसँग समन्वयगरी दुरसञ्चार सेवा नपुगेका गाविसमा यसै आ.व.मा सो सेवा पुराउन प्रयास गरिनेछ । साथै अप्टीकल फईबर प्रविधि मार्फत टेलिफोन तथा इन्टरनेट सेवा सुधारका लागि समन्वय गरिनेछ ।

**<u>लक्षित कार्यक्रमतर्फ</u>**

- लक्षित वर्गको कार्यक्रम छनौटमा जिविसले अख्तियार गर्दै आएको नीतिलाई गाविसको श्रोत परिचालनको लागि समेत मार्गदर्शक आधारको रुपमा अवलम्वन गर्न जोड दिइनेछ ।
- बालमैत्री स्थानीय शासन पद्धतिलाई क्रमशः विस्तार गर्दै सबै गाविसहरुमा पुऱ्याइने छ ।
- बालवालिका सम्बन्धी रणनीतिक योजना सफल कार्यान्वयनको लागि बालबालिकाहरुको क्षेत्रमा कार्यरत सबै कार्यालय तथा संघ संस्थाहरुको एकिकृत र समन्वयात्मक प्रयासमा जोड दिइनेछ ।
- उच्च जोखिम अवस्थामा रहेका असहाय सडक वालवालिका अपाङ्ग र ज्येष्ठ नागरिकहरुको तत्काल राहतका लागि जिल्लामा राहातकोषको स्थापना गरी सो को प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइनेछ ।
- विपन्नता स्तरीकरण प्रतिवेदनलाई आद्यावद्यिक गरि सकेसम्म भौगोलिक सन्तुलन कायम गर्दै विपन्न समूदायको हीत हुने गरी महिला वालवालिका आदिवासि जनजाति दलित अपाङ्ग जेष्ठ नागरिक लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>गैसस तथा सामाजिक परिचालनतर्फ</u>**

- गैससहरुको वस्तुगत विवरण तयार गरिनेछ । यसै वर्ष देखि जिविस तथा विषयगत कार्यालयसँग आवश्यक समन्वय गरी कम्तीमा ६० प्रतिशत सफ्टवेयर र ४० प्रतिशत हार्डवेयरमा रकम लगानी गर्ने नीति कार्यान्वयनको अनुगमन गरिनेछ । गैससले कार्यक्रम संचालन गर्दा जि.वि.स.विषयगत कार्यालय र गाविस सँग समन्वय गरी आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तीमा केन्द्रित रहे नरहेको एकीन गरिनेछ ।
- कार्यक्रम तर्जुमा कार्यान्वयनमा समन्वय नगर्ने जिविसको योजना समिक्षामा उपस्थित नहुने नविकरण तथा विवरण नबुझाउने अनुमति नलिई कार्य गर्ने गैससको कुनै पनि सिफारिस नगर्ने नीति लिइनेछ ।
- जिल्लामा सञ्चालन हुने कार्यक्रमहरुको बीच समन्वय र सहजीकरण कायम गर्ने उद्देश्यले कार्याक्रममा दोहोरोपना नहुने गरी कार्यक्रम सञ्चालन गर्न जिल्ला विकास समितिमा गैसस डेष्क  स्थापना गरिने छ ।

**योजना तर्जुमा कार्यान्वयन तथा अनुगमनतर्फ**

- आवधिक जिल्ला विकास योजनाले लिएको दीर्घकालिन लक्ष्य, उद्देश्य हासिल गर्ने गरी लगानी केन्द्रित गर्ने नीति लिईनेछ ।
- आगामी आ.व.मा आवधिक योजनाको मध्यावधी समिक्षा गरिनेछ ।
- गाउँ परिषद इलाका गोष्ठि हुँदै जिल्ला विकास समिति सम्मको योजना तर्जुमा प्रक्रियालाई सरलीकरण गर्न यस प्रक्रियामा संलग्न कर्मचारी तथा उपभोक्ता समितिका सदस्यहरुलाई तालिम प्रदान गर्ने ।
- जिल्लामा सञ्चालन हुने सडक लगायतका योजना तथा कार्यक्रमको दोहोरोपनामा हुने जोखिमलाई व्यवस्थीत गर्न पहल गरिनेछ । योजना Tracking Software स्थापना गर्ने तथा जिल्लास्तरीय योजना अनुगमन समितिलाई थप क्रियाशिल बनाइने छ । ५ लाख देखि माथीका आयोजनाका हकमा अन्तिम मूल्याङ्कन अघि अनिवार्य अनुगमन गर्नुपर्ने नीति अवलम्वन गरिनेछ ।
- जिल्लामा सञ्चालन हुने सडक लगायतका सबै निकायका योजना तथा कार्यक्रमको गुणस्तर कायम गर्न र प्रभावकारीता बढाउने सन्दर्भमा संयुक्त अनुगमन समिति मार्फत अनुगमन प्रतिवेदन बुझाउने र सुझाव कार्यान्वयनको नीति अवलम्वन गरिनेछ ।
- ठूला तथा बहुवर्षीय योजना कार्यान्वयनका लागि यस जिल्लाको माननीय सांसद तथा राजनैतीक दलहरु सहित श्रोत व्यवस्थापनको लागि केन्द्रमा सर्वपक्षिय पहल गरिनेछ ।

**सु-शासन तथा दिगो विकास तर्फ**

- जिल्ला विकास समितिवाट गरिने सेवा प्रवाह तथा योजना कार्यान्वयन प्रणालीको बारेमा प्रत्यक चौमासिकमा मम्तिमा १ पटक सार्वजनिक सुनुवाई तथा मासिक रुपमा गरिने नियमित पत्रकार भेटघाट कार्यक्रमलाई निरन्तरता दिइने छ । जिविसलाई क्रमशः प्रविधि मैत्री बनाउदै लैजाने नीति अवलम्वन गरिने छ । सो को लागि जिविसको आन्तरिक श्रोतवाट व्यहोर्न सकिने खालका कार्यक्रम तय गरिनेछ ।
- सार्वजनिक परिक्षण सामाजिक परिक्षण नागरिक सहयोग कक्ष Digital Citizen Charter Front Desk CCTv प्रविधिको अवलम्वन गरि जिविसलाई सुशान र सेवाग्राहीमैत्री कार्यालयका रुपमा स्थापित गरिनेछ ।
- जिल्ला विकास समितिका गतिविधि र सूचनाहरु वुलेटिन ब्रोसर प्रगति प्रतिवेदन स्थानीय पत्रपत्रिका रेडियो अनलाइन तथा जिविसको वेभसाइटमार्फत प्रकाशन र प्रसारण गरिनेछ ।
- नागरिकको सूचनाको हकलाई सुनिश्चित गर्न सूचना व्यवस्थापनको कार्यमा सुधार गरिनेछ ।

**आन्तरिक श्रोत परिचालन र क्षमता विकासतर्फ**

- जिल्लामा सञ्चालीत ईटाभट्टी, क्रसर उद्योग, पानी र मदिराजन्य पदार्थ उत्पादन गर्ने उद्योगलाई यस आ.व.देखि दुई पक्षको समझदारीका आधारमा स्थानीय विकास शुल्क लगाउन पहल गरिनेछ । अबैधानिक रुपम सञ्चालित उद्योगहरुको अनुगमन गरि बन्द गराईने छ भने अन्य उद्योगहरुलाई करको दायरामा ल्याईनेछ ।
- जिल्लामा सञ्चालित विद्युत आयोजना लगायत सबै परियोजनाले स्थानीय श्रोत उपयोग गरेवापतको श्रोत उपयोग कर कानून बमोजिम जिल्ला विकास समितिमा प्राप्त हुने व्यवस्था मिलाइनेछ ।
- जिल्ला विकास समितिको कार्यबोझ तथा जिम्मेवारी समेत विश्लेषण गरि दरबन्धी संरचना मिलाउनका लागि सँगठन तथा व्यवस्थापन अध्ययन (O&M Survey) गराइनेछ ।
- जिल्ला विकास समिति तथा गाउँ विकास समितिहरुको संस्थागत सुशासन आन्तरीक क्षमता वृद्धि तथा श्रोत पहिचान र परिचालन क्षमता विकास तथा अन्य आर्थिक तथा सामाजिक विषयहरुमा संभाव्यता अध्ययन परामर्श तथा अनुसन्धान कार्यलाई प्राथमिकता दिईने छ ।
- जिल्लाले प्राप्त गर्ने सबै प्रकारका रोयल्टी र आयश्रोत प्राप्त गर्न अधिकतम प्रयास गरिनेछ ।

## ७. जि.वि.स.लमजुङको गत वर्षको मुख्य-मुख्य उपलब्धीहरु

- Log jam को रुपमा रहेका कठिन भिर खण्डहरुमा ट्र्याक खोल्न सफल भएको( पुरानकोट भिरखण्ड, पसगाँउ भन्ज्याङ, भारते लाकुरी भन्ज्याङ गौंडा भिरखण्ड)
- योजना सम्झौता समयमानै सम्पन्न गर्न सफल भइएको (चैत १५ भित्र)
- दुइ दशक भन्दा वढी समयमा पनि सम्पन्न हुन नसकेको चिती रामचोक खापा योजना सम्पन्न भएको ।
- उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम सञ्चालन गरिएको ।
- लक्षित वर्गको बजेटबाट अलैंची खेती तथा अन्य आय आर्जनमा जोड दिन थालिएको ।
- योजनाहरुकाके अन्तिम भुक्तानी अघि अनुगमन अनिवार्य गराइएको ।(५ लाखभन्दा माथिका) फोटो अनिवार्य ।
- योजनाको संख्या घटाउने प्रयास गरिएको ।
- सार्वजनिक सुनुवाईमा प्राप्त सुझावहरुलाई यथाशक्य सम्बोधन गर्ने गरिएको ।
- गा.वि.सहरुको विस्तृत रुपमा प्रगति समीक्षा गर्ने गरिएको ।
- ल्याव सञ्चालनमा ल्याइएको ।
- गैससको कार्यक्रमलाई व्यवस्थित गर्न तथा समन्वयलाई थप प्रभावकारी बनाउन गैससको प्रोफाइल तथा गैसस डेस्क स्थापना गरिएको ।
- केन्द्रिय अनुदान तर्फको बेरुजु फछ्र्यौट ५५ प्रतिशत भएको तथा आ.व ७०/७१ मा कम बेरुजु हुने जिल्लामा पश्चिमाञ्चलमा पहिलो र नेपालको तेश्रो जिल्ला भएको ।
- जलविद्युत विकास तथा समन्वय समिति गठन भई कार्यप्रारम्भ गरिएको ।
- गा.वि.स सचिवहरुको सेवाकालिन तालिम सञ्चालन गरिएको ।
- पहिलो पटक जि.वि.सको जेसी अडिट सम्पन्न गरिएको । साथै जेसी कार्ययोजना समेत तयार गरिएको ।
- कार्यालय परिसरमा सिसी क्यामरा जडान गरिएको, डिजिटल डिस्प्ले बोर्ड राखिएको ।
- गा.वि.सको बजेटबाट कृषि तथा अलैंचीमा लगानी भएको घनपोखरा, खुदी, बाग्लुङपानी उत्तर कन्या
- गा.वि.सहरुले पनि आफ्नै पहलमा सार्वजनिक सुनुवाई गरेका चिती, दुराडाँडा, चन्द्रेश्वर
- खुदी र भुलभुले गा.वि.सले लेखा सफ्टवेयर जडान गरी कार्य गरेको ।
- न्यूनतम शर्त मापनमा सवै गा.वि.स उतिर्ण
- ताघिङ गा.वि.सले एक घर एक धारा कार्यक्रम सञ्चालन गरेको । १८० धारा ।
- विचौरा गा.वि.सले घरधुरी कर समेत उठाई आय बृद्धिमा पहल गरेको ।
- मालिङ गा.वि.स पूर्ण सरसफाईयुक्त गा.वि.स नेपालको पाँचौ ।

- भुजुङमा चिया प्रशोधन केन्द्रबाट लोकल चियापति उत्पादन सुरु भएको ।
- गा.वि.सबाट प्रदान गरिने सेवाहरु वडास्तरबाट प्रदान भारते, बाँझाखेत, ढोडेनी
- ३ गा.वि.स तथा १ नपामा मेलमिलाप केन्द्र स्थापना गरिएको ।
- अवको पालो सबै घर उज्यालो कार्यक्रमलाई प्रभावकारी रुपमा लैजाने प्रयास गरिएको ।
- बातावरणमैत्री घरधुरी र वडा घोषणा कार्यक्रमलाई अघि बढाउने
- सवै पुराना नागरिक सचेतना केन्द्रमा पूर्वाधार विकासको रकम पुऱ्याइएको ।
- २ गा.वि.सहरुलाई बामैत्री गा.वि.स बनाउने गरी छनौट गरी कार्य प्रारम्भ गरिएको ।
- सार्वजनिक परीक्षण लगायतका समितिको कागजात गा.वि.स/नपाबाट प्रमाणित गरेपछि मात्र जि.वि.सले स्वीकार गर्ने गरेको

## अनुसुचि-१

## ८. सामाजिक जिम्मेवारी कार्यसम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या वा प्रतिशत | जिल्लाका ९०% ( ३७८००) घरधुरी स्वास्थ्यचौकी १ घण्टाभित्र पुग्न सकिने पैदल वा यातायात पौँच भएको । | सडक निर्माण, मर्मत सम्भार स्तरोन्नति तथा शहरी स्वास्थ्य कार्याक्रमको निरन्तरता । | जिल्ला वासिहरुले समयमै उपचार पाउन सक्ने अवस्था रहेको तर विकट स्थानमा भने गाह्रो । |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत वा संख्या | ८८३ जना ५ वर्ष मुनिका वालवालिकाहरु जिल्लामा रहेका छन् । | - | - |
| खोपमा पहुँच भएको जनसंख्या ( एक वर्ष मुनिका बालबालिकाको आधारमा) | खोपमा पहुँच भएको जनसंख्यामा एक वर्ष भन्दा मुनिका बालबालिकाको आधारमा ७९ प्रतिशत रहेका छन । | जिल्ला स्वास्थ्य क्लिनिक सञ्चालन र प्रचार प्रसारात्मक कार्यक्रमहरु सञ्चालन । | स्वास्थ्यप्रति स्थानिय वासिहरुको चेतनामा अभिवृद्धि भएकोले निरोगितामा वृद्धिहुँदै गएको । |
| ४ पटक गर्भवति जाँच गरिएका महिलाको संख्या प्रतिशत | ५९ प्रतिशत महिलाहरुले ४ पटक गर्भवति जाँच गराएको अवस्था । | जिल्ला स्वास्थ्य कार्यालय र महिला स्वास्थ्य स्वयंसेवीकाहरुको परिचालन | गर्भ जाँच लगायतका स्वास्थ्य सेवा सहज भएको । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसूती गरिएको महिलाको संख्या प्रतिशत | १८६१ जना महिलाहरुले दक्ष प्रसुतीकर्मीबाट प्रसुती गराएको अवस्था छ । | दक्ष प्रसुतीकर्मीबाट प्रसूती गराउनुपर्छ जस्ले बच्चा र आमा दुवैको स्वास्थ्यमा असर पर्दैन भन्ने कुराको चेतना अभिवृद्धि गर्न जनचेतना फैलाउने प्रयासलाई निरन्तरता दिदै लैजाने । | दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराउने महिलाहरुको संख्या कमिक रुपमा वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| झाडा पाखालाबाट मृत्यु हुने बालबालिका संख्या | तथ्याङ्क उपलब्ध नभएको । | झाडा पाखालाबाट वालवालिकाहरुलाई बचाउन विभिन्न किसिमको सञ्चारका माध्यमहरुद्वारा स्थानीय निकाय तथा सरकारले नै जनचेतना फैलाउने कार्यहरु गर्दै आईरहेको अवस्था । | हाल सम्म कोही पनि झाडापखलाबाट मृत्यु नभएको तथ्याङ्कले देखाएको । |
| सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ८०% (३३६००) घरधुरी परिवार संख्याले सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिईदै आएको छन । | जनचेतना र प्रचार प्रसारत्मक कार्यक्रम सञ्चालन गरिदै आएको । | स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिनुपर्छ भन्ने विषयमा स्थानियवासिहरु सचेत भएकोले महामारी र अचानक हुने स्वास्थ्य समस्यावाट छुटकारा पाएको । तथा सचेत भएका । |

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
|---|---|---|---|
| **शिक्षा** | | | |
| आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या | सवै वाल वालिकाहरु आधाघण्टा भित्र प्राथमिक विद्यालय पुग्न सक्ने । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले ल्याएको हुनाले । सबैले साक्षर हुने अवसर पाएको । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर | पूर्व प्राथमिक शिक्षामा खुद भर्ना दर ६४ प्रतिशत रहेको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | सबैले साक्षर हुने अवसर पाएको । |
| प्राथमिक विद्यालयमा पहुँच नभएको सो उमेरका बालबालिका संख्या प्रतिशत | प्राथमिक विद्यालयमा पहुँच नभएको सो उमेरका वालवालिका १.६% रहेको | प्राथमिक विद्यालयमा पहुँच पुऱ्याउन विभिन्न सेवा सुविधाको कार्यक्रमहरु लागू गरिएको । यसलाई निरन्तरता दिदै जाने नीति तथा लक्षय रहेको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । |

| | | | |
|---|---|---|---|
| कक्षा १ मा खुद भर्ना दर छात्रछात्रा | छात्रछात्रा ९७.९ प्रतिशत खुद भर्नादर अवस्था । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएको । | सबैले साक्षर हुने अवसर पाएको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र उर्तिण हुने दर | प्राथमिक तहमा कक्षा छाड्ने दर ५.७%, कक्षा दोहोराउने दर १०.२% र उतिर्ण हुने दर ९५% रहेको | सरकारले कक्षा नदोहोऱ्याउने र १०० प्रतिशत उर्तिण हुने निति ल्याएको । | सरकारले १०० प्रतिशत उर्तिण हुने निति ल्याएकोले कक्षा छोडने विद्यालय भर्ना नहुने खालका समस्या न्यूनिकरण हुदै गएको । |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या १००% रहेको । | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको संख्या आवश्यकता अनुसार थप गरिदै लाने आवश्यक गृहकार्य गरिने । | तालिम प्राप्त शिक्षक तथा शिक्षिकाको शिक्षा आर्जनले १०० प्रतिशत विद्यार्थीहरु शिक्षा लिन सफल भएका । |
| प्रति कोठा विद्यार्थी संख्या | प्रति कोठा विद्यार्थी संख्या २० जना रहेको । | आवश्यक्तता अनुसार प्रति कोठा विद्यार्थीहरुको संख्या राख्ने नीति तथा नियम सरकारले अवलम्वन गर्दै आएको । | प्रति कोठा थोरै विद्यार्थी राखेर पढउदा सबै विद्यार्थीहरुलाई पढन र शिक्षक शिक्षिकालाई पढाउन सजिलो भएको । |
| बाह्य सहयोग निर्मित कक्षा कोठा संख्या | बाह्य सहयोगमा निर्मित कक्षा कोठा संख्या ६० ओटा रहेको । | - | - |
| स्थानीय निकायबाट सिमित कोठा संख्या | स्थानीय निकायबाट निर्मित कक्षाकोठा संख्या नरहेको | - | - |

| | | | |
|---|---|---|---|
| दलित बालबालिकाको शिक्षामा पहुँच | दलित बालबालिकाको शिक्षामा ९४.८ प्रतिशत पहुँच पुगेको । | दलित बालबालिकाहरुको शिक्षामा पहुँच पुऱ्याउन छात्रावृति तथा विभिभन्न किसिमको सेवा सुविधा पाउने कार्यक्रमहरु लागू गरिदै आएको । | विद्यालय पठाउन उत्प्रेरित गर्ने कार्यक्रम सरकारले सञ्चालन गर्दै आएकोले दलित बालबालिकाको शिक्षामा पहुँच वढदै गईरहेको । |

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
|---|---|---|---|
| **<u>खानेपानी तथा सरसफाई</u>** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | जिल्लामा ९२.४१ प्रतिशत परिवार संख्यामा स्वच्छ पानी पुगेको अवस्था । | खानेपानीको मुहान तथा धारा पाईपहरुलाई वेलावेलामा मर्मतसंभार कार्य गर्दै अएको र यसलाई निरन्तरता दिदै लाने प्रयास गरिदै आएको र सबै क्षेत्रमा स्वच्छ खानेपानी वितरण गर्ने नीति तथा लक्ष्य रहेको । | क्रमश स्वच्छ पानीको सुविधा परिवार संख्यामा वृद्धी हुँदै गएको । |
| शौचालय भएको संख्या वा प्रतिशत | जिल्लाका सवै घरधुरीहरुमा शौचालय भएको अवस्था । | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | खानेपानी सुविधा भएको प्राथमिक विध्यालय ७०% रहेको । | खानेपानीको मुहान तथा धारा पाईपहरुलाई वेलावेलामा मर्मतसंभार कार्य गर्दै अएको र यसलाई निरन्तरता दिदै लाने प्रयास गरिएको । | खानेपानीको सुविधा क्रमिक रुपमा प्राथमिक विध्यालयमा वृद्धि भएको । |

| | | | |
|---|---|---|---|
| सुधारिएको चुलो भएको परिवार संख्या | ६००० घरधुरीहरुले सुधारिएको चुल्हो प्रयोग गरेको । वाकि घरधुरीहरुले दाउरा प्रयोग गरेका । | दिनानुदिन जनताहरुमा चेतनाको अभिवृद्धि तथा आर्थीक स्थीतिमा सुधार हुदै गएकोले आद्युनिक तरिकावाट खाना पकाउन ग्याँस इन्धनको प्रयोग वढदै गएको अवस्था । | खाना पकाउन ग्याँस इन्धनको प्रयोग वढदै गएको अवस्थाले गर्दा नगरवासिहरु धुवाँवाट मुक्त हुँदै गएको र स्वस्थ्य जिवनयापन विताउन सफल भएका । |

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धी** |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेसी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | जिल्लाको ग्रामिण भेगमा दलित लगाएत विपन्न वर्गका समुदाएमा बालबिवाहको संख्या अलि बढि रहेको भने बजारि भेगमा न्युन मात्रामा रहेको अवस्था । | वाल विवाह गराउने कार्यलाई दण्डनीय अपराध मानिएको हुँदा यस कार्य नगर्नको लागि सरकारी तवरवाटनै सूचन प्रवाह गरिदै आएको छ । | वाल विवाह गराउने कार्य दण्डनीय अपराध भएकोले यो कार्य न्यू संख्यामा पुगेको । |
| समाजिक विकृति विसंगति | जिल्लामा लागुऔषध, साधारण चोरि, घरेलु हिंसा र केहि सार्वजनिक अपराध जस्ता सामाजिक विकृति विसंगतिका ११८ ओटा मुद्धा दर्ता हुन आएको । | समाजिक विकृति विसंगतिको अवस्था सुधार गर्न विभिन्न सामाजिक संघ संस्थाहरुद्धारा सञ्चारको माध्यमवाट चेतनामुलक सन्देश प्रवाह गर्ने कार्य भईरहेको साथै जिल्ला प्रहरी कार्यलयबाट पट्रोलिङ अभियान सञ्चालन गरिएको । | सरकारले नै विभिन्न सञ्चार माध्यमहरुद्धारा चेतनामुलक सन्देश सूचना प्रवाह गरेका कारण न्यून हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाति | जेष्ठ नागरिक दलित २७९६ जना, जेष्ठ नागरिक अन्य ९४२२ जना, एक्कल महिला २११४ जना,विधुवा महिला २५०५ जना, पूर्ण असक्त अपाङ्ग २६१ जना, आमशिक असक्त अपाङ्ग ५९६ जना, दलित वालवालिका २६०८ जनाको संख्यामा सामाजिक सुरक्षा भत्ता वितरवण गरिएको । | सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धि प्रशासनिक सहजिकरण तथा अनुगमन कार्यहरु निरन्तर रुपमा भई रहेको | थप नयाँ व्यक्तीहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै उनीहरुलाई सहज तरीकाले प्रशासनिक कार्य सञ्चालन गर्दै आएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **जनचेतना तथा गरिबी निवारण** | | | |
| बाल श्रमको अवस्था | बालश्रमको अवस्था केहि न्युन मात्रामा बजारि क्षेत्रका होटल, यातायातमा रहेका छन् । | बालश्रम गराउने कार्य दण्डनीय अपराध भएकोले यस्तो कार्य गर्न र नगराउन नेपाल सरकारले विभिन्न सञ्चार माध्यमद्धारा सूचना प्रवाह गर्दै आईरहेको । | बालश्रम गराउने कार्य दण्डनीय अपराध भएकोले बालश्रमको अवस्था न्यून हुँदै गएको । |
| बाल क्लबहरुको अवस्था | जिल्लाभर ४०० ओटा बालक्लवहरु रहेको अवस्था | बालक्लवहरुको गठन प्रक्रिया पुरा भईसकेकोले यस लाई निरन्तरता दिदै लैजाने । | वालक्लवहरुको गठनले नगरभित्ररहेको वालवालिकाहरुको हक र वालअधिकार सुनिश्चत भएको छ । |

| | | | |
|---|---|---|---|
| महिला हिंसा | जिल्लामा घरेलु हिंसा, कुटपिट उजुरी, आर्थिक हिंसा र मादक पदार्थ सेवन गरि गरिएको हिंसा जम्मा ४० ओटा घटनाको उजुरी हुन आएको । | जिल्ला प्रहरि कार्यलय महिला सेलको अगुवाईमा महिला समुह, आमासमुह वाट विभिन्न किसिमका महिला हिंसा सम्वन्धि चेतनामुलक कार्यक्रम संचालन गर्दै आएको | यस्ता चेतनामुलक कार्यक्रमबाट महिला हिंसा सम्वन्धि घट्ना केहि हदसम्म न्युन भएको । |
| रोजगारीको अवस्था | जिल्लाका प्राय युवाहरु वैदेशिक रोजगारीमा गएका तथा केहि अन्य कृषि र व्यापार व्यवसायमा आवद्ध भएका । | सम्पूर्ण नागरीकहरुलाई रोजगारी दिने कार्य नेपाल सरकार वाटनै पहल भैरहेको छ । | वैदेशिक रोजगारमा गएका तथा स्थानिय स्तरमा नै व्यापार व्यवसाय सञ्चालन गर्दै आएको रोजगारीले केहि घरधुरीहरुको आर्थिक स्तरोन्नती हुदै गएको । |
| स्वरोजगारका प्रयासहरु | जि.वि.स र पाटनर एन.जि.ओ मार्फत विपन्न वर्गका समुदायलाई जिविकोपार्जन तथा आयआर्जन मुलक कार्यक्रम संचालन गरिएको | यस आ.व.मा स्वरोजगारको लागि विभिन्न किसिमको सीपमुलक तालिमहरु सञ्चालन गरिने नीति तथा लक्ष्य रहेको छ । | गैर सहकारी संस्थाहरुको सहकार्यमा विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गर्दै आएकोले उनीहरुमा केहि उद्यमशिल हुनुपर्छ भन्ने चेतना अभिवृद्धि हुँदै गएको छ ॥ |
| गरिबी निवारणको प्रयासहरु | लक्षित वर्ग अन्तर्गत अलैचि खेति, वाखा पालन, सुधारिएको चुल्हो वाट ब्रिकेट बनाउने तालिम दिएर मेसिन पनि हस्तान्तरण गरि गरिबी निवारण सम्बन्धि प्रयास गरिएको । | विभिन्न किसिमको सीपमुलक तालिमहरु आत्मा निर्भरहुने खालका, स्वरोजगार हुने तालिमहरु आगामि दिनम सञ्चालन गर्ने नीति तथा लक्ष्य रहेको । | गैर सहकारी संस्थाहरुको सहकार्यमा विभिन्न किसिमका सीपमुलक तालिमहरु प्रदान गर्दै आएकोले उनीहरुमा केहि उद्यमशिल हुँदै गएका |

| | | | |
|---|---|---|---|
| सामाजिक परिचालन | जिल्लाको ३५ ओटै गा.वि.समा र ५ ओटै नगरपालिकामा सामाजिक परिचालकद्धारा सामाजिक परिचालनको कार्यक्रमहरु सँचालन गरिएको । | सवै वडाहरुमा सामाजिक परिचालन संचालन गर्ने कार्यलाई निरन्तरता दिदै जाने निति तथा लक्ष्य रहेको । | जिल्लाको सवै क्षेत्रहरुमा आवश्यक सामाजिक कार्यहरु संचालन गर्ने लगायतका अन्य कार्यहरु सञ्चालन गर्न सहज र सरल भएको छ । |
| वातावरण सुधारका प्रयासहरु | इ.एफ.एल.जी कार्यक्रम लागु भइरहेको र लमजुङको पहिलो र नेपालको पाँचौ मालिङ गा.वि.स पुनः सरसफाई घोषित भएको । | आगामि दिनमा फोहरमैला व्यवस्थापन गर्ने ल्याण्डफिलसाइट बनाउने, खालिभएका सरकारी जग्गाहरुको संमरक्षण गर्न पार्क निर्माण, प्लाष्टिक न्यूनिकरण जस्ता कार्य गर्ने नीति तथा लक्ष्य रहेको छ । | वातावरण सुधारका कार्यहरुले गर्दा वातावरण सफा सुन्दर हाराभारा हुन गएको छ भने यसले वातावरण संरक्षणको पनि टेवा पुर्‍याएको छ । |
| एच.आई.भि. र एड्स | तथ्याङ्क अद्यावधिक नभएको । | | |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **विकासमा समान सहभागिता सेवाहरुमा पहूँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | जिल्लाका बजार क्षेत्रका बासिन्दाहरुलाइ छोटो समयमा बजार पुग्न सक्ने अवस्था छ भने ग्रामिण भेगका मानिसहरुलाई स्थानिय बजार पुग्न २ घण्टा भन्दा बढी समय लाग्ने । | स्थानिय बजार छोटो समयमा पुग्नको लागि बाटो निर्माण तथा मर्मत सम्भार कार्य गरिदै आएको । | वाटो मर्मत सम्भार कार्य गर्नाले बजार आवात जावत गर्न छोटो समयमा मा सहज भएको अवस्था । |

| | | | |
|---|---|---|---|
| कृषि सेवा केन्द्र जान लाग्ने समय | जिल्लाका ५ओटा नगरपालिकाका मानिसहरुलाई केहि समयमानै कृषि सेवा केन्द्र पुग्न सक्ने अवस्था छ भने दुर्गम स्थानका मानिसहरुलाई ४ घण्टा भन्दा बढी समय लाग्ने । | कृषि सेवा केन्द्र जाने सडक वाटो निर्माण तथा मर्मत सम्भार सबै घरधुरीहरुलाई कृषि सेवा केन्द्रको सुविधा पुऱ्याउन आवश्यक गृहकार्य गर्ने नीति तथा लक्ष्य रहेको । | कृषिसेवा केन्द्रवाट कृषकहरुले आद्युनिक तरीकावाट खेति गर्ने तालिम, मल, विभिन्न किसिमको विउँ विजन, वालीनालीमा हाल्ने औषधी आदि सर्वसुलभ तरीकाले प्रयोग गर्न पाएका छन । |
| भौगोलिक क्षेत्र, महिला पिछडिएका तथा सिमान्तवर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिएको विशेष अवसरहरु | गैर सहकारी संस्थाहरुको सहकार्यमा केहि विभिन्न किसिमका सीपमूलक तालिमहरु सञ्चालन गरिदै आएको । | यस्ता वर्गहरुमा सेवा सुविधा पुऱ्याउन आवश्यक्ता अनुसार गृहकार्य गरिने निति तथा लक्ष्य लिएको । | गैर सहकारी संस्थाहरुको सहकार्यमा यस्ता वर्गहरुमा सेवा, सुविधा, तथा सीपमुलक तालिमहरु सञ्चालन गर्दै आएको । |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धी |
|---|---|---|---|
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति नीति तथा कार्यक्रम | - | - | **४८** जना कर्मचारी कार्यरत भएको । कर्मचारीहरुको आवश्यकता अनुसार थप गदै लैजाने । कर्मचारीहरुको क्षमता विकासका लागि अभिमुखिकरण तालिम सञ्चालन गरिएको । अझ प्रभावकारी बनाउने नीति तथा लक्ष्य रहेको । |

| | | | |
|---|---|---|---|
| भौतिक व्यवस्था | - | - | जिल्लाको आफ्नै भवन, फर्निचरहरु, ३ वटा मटरसाईकल, ३ ओटा पजेरो जिप, कम्प्यूटर, प्रिन्टर, फोटोकपी ल्यापटप, इन्टरनेट र कम्प्यूटर सफ्वेरको प्रयोग भएको । |
| समन्वय र सहकार्यको प्रयासहरु | - | - | जिल्लाको सवै निजी एवं गैर सरकारी संस्थाहरु संग समन्वय गरि विभिन्न कार्यक्रमहरु संचालन गरिएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | - | - | - |
| **स्रोत :-जिल्ला विकास समितिको कार्यालय लमजुङ्ग प्रगति प्रतिवेदन** | | | |

## ८.१ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा प्राप्त भएका सुझावहरु /प्रश्न एवं जि. वि.स.को जवाफ

| क्र. सं. | नाम | संस्था/ठेगाना | सुझावहरु | स्थानीय विकास अधिकारीको जवाफ |
|---|---|---|---|---|
| १. | श्री मोहन हरि पौडेल | नेकपा माओवादी जिल्ला संयोजक | जि.वि.स मार्फत हुने भौतिक संरचना तथा योजनाहरु निर्माण गर्दा आवश्यक रेखदेखको कमिकमजोरी पाइयो । र श्रोत साधनको पनि अभाव देखियो यसलाई सुधार गर्नुपर्ने देखियो । | योजनाहरुको अनुगमन तथा श्रोत साधन परिचालनमा सुधार गर्दै लैजाने नीति तथा लक्ष्य राखिएको छ । |
| २. | श्री पासाङ्ग जिरेल | सब ई. जिल्ला प्राविधिक कार्यालय लमजुङ | अहिले गरेको सामाजिक परिक्षणबाट हामी स्थानीय बासी सन्तुष्ट रहेका छौ । आगामी दिनमा यसलाई अझ प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगियोस । | यस सुझावलाई मध्यनजर गर्दै हाल गरिएको सामाजिक परिक्षण मा त्रुटी भएका कुराहरुलाई सुधार गर्दै आगामि दिनमा अझ प्रभावकारी रुपवाट प्रस्तुत् गर्ने जमर्को गर्दछौ । |
| ३. | श्री चित्र वहादुर के.सी. | वडा नं.८- संयोजक | जि.वि.स.ले गाविसहरुवाट छनौट भएर गएको योजनाहरुलाई कटौति नगरिकन प्राथमिकता दिई कार्यान्वयन गरियोस मेरो सुझाव छ । | कुनै पनि योजनाहरु आवश्यकता अनुसार छनौट गरेर कार्यान्वयन गरिने हुँदा कटौती गरिएको हो । |
| ४. | श्री सीता बराल | श्री लमजुङ माध्यामिक विद्यालय - प्रधानाध्यापक | शिक्षा क्षेत्रमा स्तरोन्नती गर्नुपर्नुपर्ने अति आवश्यक छ यसमा जिल्ला विकास समितिको ध्यानाकर्षण होस भन्ने मेरो राय सल्लाह सुझाव छ । | शिक्षा क्षेत्रको स्तरोन्नती गर्ने नीति तथा लक्ष्य राखिएको छ । |

| | | | | |
|---|---|---|---|---|
| ५. | श्री राम प्रसाद पोडेल | पुल निर्माण समितिको- अध्यक्ष | जिल्लाको चौतर्फि विकासको लागि छुट्याईएको बजेट कार्यान्वयनमा ढिला सुस्ती नगरी समयमा नै कार्यान्वयन गरियोस भन्ने मेरो विनम्र अनुरोध छ । | आगामि वर्ष कार्यन्वयन गर्ने योजनाहरु समयमा नै कार्यान्वयन गरिदै लैजाने प्रतिवद्धता गर्दछौ । |
| ६. | श्री मिल वहादुर गुरुङ्ग | सडक स्तरोन्नति उपभोक्ता समिति- सदस्य | जिल्लाको सवै ठाउँहरुलाई निरीक्षण गरी सडक वाटो, गोरेटो वाटो, पुल पलेसो आदिको स्तरोन्नतिमा तिव्रताका साथ जि.वि.स. ले लाग्नुपर्ने देखिन्छ । | जिल्लाको सबै भेगको अनुमन गरी सडक तथा वाटोको स्तरोन्नती गर्दै लैजाने नीति तथा लक्ष्य राखिएको छ |
| ७ | श्री यम बहादुर तामाङ्ग | चिति रामचोक खानेपानी योजना स्कीम नं.-१, सचिव | महिलाहरुको लागि विशेष किसिमको सीप तथा तालिमहरुको उपलब्धता गराईयोस भन्ने मेरो सुझाव छ । | महिला तथा पिछडा वर्ग वालवालिकाहरुलाई लक्षित हुने कार्यक्रमहरु सञ्चालन गर्ने नीति तथा लक्ष्य राखिएको छ । |

## ८.२ सामजिक परीक्षणमा समावेश भएका पक्षहरु

स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्था अनुसार विषयगत कार्यालय र जि.वि.स.को वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैरसरकारी संस्थाहरुको हकमा जि.वि.स.कै अभिन्न अंगकै रुपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्यांकन गर्नु पर्ने व्यवस्था भएको तर यस जिल्ला विकास समितिको कार्यालयको वार्षिक योजनामा अन्य कुनै पनि कार्यालय तथा गैरसरकारी संस्थाहरुको योजना समावेश छैन ।

## ८.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण तथा कार्यक्रमको तयारी

स्थानीय निकाय सामाजिक परीक्षण कार्य विधिको अनुसुची १ र २ अनुसारको प्रतिवेदन जिल्ला विकास समितिको कार्यालयद्वारा सार्वजनिक बहस भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक बहस कार्यक्रम बारेमा उपस्थित हुनेहरुमा जिल्ला विकास समितिको कार्यालयका स्थानिय विकास अधिकारी जि.वि.स.का कर्मचारीहरु, सरोकावालाहरु, उपभोक्ताहरु, राजनैतिक दलका पाटी प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु मिडिया कर्मिहरुसंग अन्तरक्रियाका लागि सूचनाद्वारा आह्वान गरिएको थियो । यस कार्यक्रममा स्थानीय वासिन्दाहरुको पनि उल्लेखिनिय उपस्थिती रहेको थियो ।

सार्वजनिक बहस/भेला **जिल्ला विकास समितिको कार्यालय लमजुङ**का **स्थानीय विकास अधिकारी श्री शेखर पौडेल ज्यू**को सभापतित्वमा सम्पन्न भएको हो भने बहस कार्यक्रमको सहजीकरण **आर.डि. ईन्जिनियरिङ कन्सल्टेन्सी का.म.न.पा.-४, धुम्वाराही काठमाडौंले** गरेको थियो । उक्त कार्यक्रममा जि.वि.स.को राजनैतिक दल विषय कार्यालयहरु, संघ, संस्थाहरु सेवाग्राहीहरु गरी **३०** जना सहभागी भई कार्यक्रम सफलता पूर्वक सम्पन्न भएको थियो ।

## ८.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रम :

सर्न्दभ सामाग्री आधारमा अन्तरवार्ता र छलफलबाट प्राप्त जिज्ञासा, सामाजिक परिक्षक द्वारा तयार पारिएको सामाजिक परिक्षण प्रारम्भीक प्रतिवेदन सार्वजनिक बहस कार्यक्रमको आयोजना गरी प्रस्तुत गरिएको थियो । सार्वजनिक बहस तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन विधि तपशिल संचालन गरिएको थियो ।

**स्थान :- जि.बि.स. कार्यालयको सभाहलमा**
**समय :- दिउसो २:०० देखि ४:०० बजे सम्म**
**उपस्थिती :-३० जना**
**मिति :- २०७३ कार्तिक २६ गते**

यस चरण वा प्रक्रिया **जिल्ला विकास समितिको कार्यालय लमजुङ**ले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या चुनौति र तिनिहरुको कार्यन्यनको अवस्था तथा भावी कार्यदिशाका बारेमा समेत अध्ययन गरी बुद्धागत रुपमा सामाजिक परीक्षण कार्यविधि २०६७ को अनुसूची २ र ३ अनुसार प्रारम्कि प्रतिवेदन तयार पारिएको छ । यस प्रकार तयार प्रतिवेदनमा देहाय अनुसारका शिर्षकमा केन्द्रित रही छलफलका लागि प्रस्तुत गरिएको थियो ।

१. स्थानीय निकायको परिचय
२. स्थानीय निकायको प्राथमिकता तथा लक्ष्यहरु
३. गत वर्षको मुख्य मुख्य उपलब्धीहरु
४. यस वर्षको मुख्य मुख्य उपलब्धीहरु
५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा
६. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरु

सहभागीहरुले कार्यक्रममा राखेका विचार सुझाव तथा प्रतिक्रियाहरुलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरु तथा सामाजिक परीक्षकको टिपोट गरेका थिए । सहभागीहरुले राखेका जिज्ञासा तथा विचारहरुलाई **जिल्ला विकास समितिको कार्यालय लमजुङ**का **स्थानिय विकास अधिकारी श्री शेखर पौडेलज्यू**द्वारा गैर सहकारी संस्था तथा सामाजिक परीक्षकहरुले स्पष्ट पार्नु भएको थियो । सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयहरुको आधारमा सामाजिक परीक्षकले सारांशमा प्रतिवेदनमा समावेश गरेका छन् ।

## ❖ गत वर्षमा लमजुङ जि.वि.सले भोगेका समस्याहरु

- अधिकांस सडक निर्माणको कार्य उपभोक्ता समिती मार्फत गराईएको छ तर जनसहभागिता नाममात्रको छ
- सार्वजनिक परिक्षणको जुन मर्म थियो र छ सो बमोजिम हुन नसकेको
- संरचना निर्माणको कार्यमा उपभोक्ता समिति मार्फत कार्य गराउनु कठिन भएको
- समयमा संझौता गर्ने तथा समयमा काम थाल्ने र सम्पन्न गर्ने परिपाटि छैन
- बजारमा दक्ष कामदारको अभाव
- जिन्सि सामान वितरण पर्याप्त र प्रभावकारी हुन नसकेको
- स-साना छिरलिएका योजनाहरुको कारण कतैपनि देखिने परिणाम आउन नसकेको
- पहाडि भुभागका ग्रामिण सडकहरुको स्तरोन्नतीको लागि स्रोतको कमि
- प्राविधिक संख्याको कमिका कारण योजना कार्यान्वयनको समयमा निरन्तर अनुगमन तथा सहजिकरण गर्न कठिनाई
- आन्तरिक आयवृद्धि त्यति धेरै बढाउन नसकिएको
- प्राकृतिक स्रोत उपयोग कर (ढुंगा, गिटी बालुवा) प्रभावकारी नियमन गर्न नसकिएको
- प्राविधिकहरुलाइ औजार उपकरण तथा क्षमता विकासको कमि
- गा.वि.सले क्षमता भन्दा बढी कार्य गर्नु परेको
- सुरक्षाको चिन्ता/सामाजिक सुरक्षा भत्ता वितरण गर्दा
- गा.वि.स भवन नहुँदा काम गर्न अप्ठेरो (१७ गा.वि.समा)
- उपभोक्ताहरुको बैंक खाता देखि अन्य कागजात गा.वि.सहरुले मिलाईदिनुपर्ने
- गा.वि.सका प्राविधिकहरुका लागि क्षमता विकासको कार्य हुन नसकेको
- समिती गठन तथा सार्वजनिक परिक्षणमा जनसहभागिता ज्यादै न्युन रहनु
- गा.वि.स स्तरका कार्यमा भ्याट विल जुटाउन कठिन
- राजनैतिक दवाव झेल्नुपर्ने
- गा.वि.समै बसेर काम गर्दापनि अफिस समय भनेर बस्न नपाइने जतिवेलापनि काम गरिदिनुपर्ने

## ९. सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

- स्थानिय निकायलाई सक्षम र सवल बनाउने ।
- सामाजिक जिम्मेवारी पुरागर्न जि.वि.स.का कर्मचारीहरुको क्षमता विकास सम्बन्धि कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने ।
- पर्यटकिय बिकासलाई प्राथमिकता दिनुपर्ने ।
- राजनैतिक दलका प्रतिनिधिहरु, उपभोक्ता समितिका सदस्यहरु, वडा नागरिक मञ्चका प्रतिनिधि सम्मेलित गराई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- वडा नागरिक मञ्चलाई प्रभावकारी बनाउन समावेशी प्रतिनिधित्व एंव सहमतिको आधारमा पूर्न गठन वा वर्तमानलाई नै अधिकार प्रत्यायोजन सहित जिम्मेवार बनाई छलफल एंव सहकार्यका साथ अगाडि बढ्न जरुरी छ ।
- वार्षिक रुपमा नै गरिएको सम्पूर्ण विकासका गतिविधिका बारेमा वार्षिक जिल्ला विकास योजनामा उल्लेख गरिनु पर्ने ।
- जनसहभागितामा आधारित विकासका कामहरुलाई अझ प्रभावकारी र प्राथामिकता दिनु पर्ने ।
- योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा परीक्षणमा जनसहभागिता जुटाउने कार्यहरु सञ्चालन गर्ने ।
- गरिब, उत्पिडित, विपन्न तथा एकल महिला र फरक पहिचान भएका व्यक्तिहरुलाई प्राथामिकता दिँदै उनिहरुलाई आत्मनिर्भर हुने कार्यक्रमहरु सञ्चालन गर्नमा जोड दिने ।
- मिडियाको प्रयोग गरी जि.वि.स.द्वारा भएका तथा आगामी दिनहरुमा हुने हरेक क्रियाकलापहरुको बारेमा बढी भन्दा बढी जनताहरुलाई जानकारी गराउने प्रयत्न गर्नु पर्ने ।
- जि.वि.स.को बेवसाइटमा पर्याप्त सूचनाहरु राखी नियमित रुपमा अद्यावधिक गर्नु पर्ने ।
- वडा भेलाबाट पारित योजनाहरुलाई प्राथमिकता दिनु पर्ने ।
- सामाजिक परिचालकद्वारा सबै वडाका वास्तविक समस्याहरु बुझ्नु पर्ने ।
- जि.वि.स.ले आफ्नो जिम्मा मा रहेको सबै सम्पत्तिहरुको विवरण अद्यावधिक गर्नुपर्ने ।
- फोहोर मैला व्यवस्थापन कार्यमा निजि क्षेत्र र नागरिक समाजलाई समेत परिचालन गर्नुपर्ने ।

## अनुसूची-२

# १०. केहि योजानाहरुको स्थलगत अवलोकन प्रतिवेदन विवरण

### ❖ चिति रामचोक खानेपानी योजना स्किम १

- योजनाको जम्मा लागत रु २२,२१,९२२।-खर्च भएको ।
- जि.वि.स बाट रु १८,२४,०००।- अनुदान प्राप्त भएको ।
- उपभोक्ता समितिबाट रु ४,२१,९२२ जम्मा गरिएको ।
- यस योजनाबाट चिती गा.वि.सका ४,७,३,८,१ र २ नं. का वडाहरु लाभान्वित छन ।
- इनटेक ट्याङकी, कलेक्सन चेम्बर विभिन्न ठाउँमा पाइपलाइन तथा जि.आई पाईप जडान गरिएको ।

**नोटः-** योजना निर्माण पूर्व स्थानीय वासीलाई पानीको उपभोग गर्न टाढा-टाढा सम्म गई धुवाँ खोला बाट त्यसैगरि भिरकुनाबाट पानी ल्याउनु पर्ने अवस्था थियो । कतिपय अवस्थामा जनकल्याण उच्च मा.वि.बाट पानी उपभोग गर्नुपर्ने बाध्यता थियो । हाल योजना निर्माण पश्चात स्थानीयहरुलाई पानीको उपभोग गर्न सहज भएको देखिन्छ । जस्ले गर्दा टाढा बाट पानी ल्याउनुपर्ने समस्या हटेको छ । केहि घरधुरीहरुले तरकारी खेति वालिको लागि पनि पानीको प्रयोग गरेको देखिन्छ । योजना कार्यान्वयन हुँदा भन्सार गा.वि.सका वडा नं. १ र २ बाट केहि हस्तक्षेप भएको थियो तर पछि मेलमिलाप गरि सबै जनाको सहकार्यमा योजना सफल रुपमा सम्पन्न भएको ।

**नामः- यम बहादुर तमाङ**
**पदः- सचिव**
**संघसंस्थाः- चिती रामचोक खानेपानी योजना स्किम नं. १**

जिज्ञासाः- यस योजना बाट हामी उपभोक्ता हरु सवै सन्तुष्टि रहेको जानकारी गराउँदै जनसंख्या को चाप वृद्धि हुने क्रममा खानेपानी को आपुर्ती कम हुन जान्छकि भन्ने सम्भावना लाई ध्यान पुराओस भन्ने सुझाव जि.वि.स कार्यलयलाई अनुरोध गर्दछौं ।

यस खानेपानी योजना वाट उपलव्ध पानीलाई मुहानमा पानीको शुद्धतालाई ध्यान पुराउन जि.वि.स कार्यलय लाई अनुरोध गर्दछौ ।

खानेपानी उपलव्धत भयो तर पानी को वितरण गर्नको लागि प्रत्येक वडामा ट्याङकीको निर्माण गरी मर्मत एवं विस्तार गर्न भनी जि.वि.स कार्यलयलाई अनुरोध गर्दछु ।

यस खानेपानी योजना वाट प्रत्येक वडामा शाखा लाई निर्माण गरि एक घर एक धारा अवधारण अपनाईयोस भनी उपभोक्ता को माग रहेको छ ।







❖ **<u>बेशिसहर, भुजुङ हरित सडक स्तरोन्नती</u>**

- योजनाको जम्मा लागत रु ४८,७३,६३४।- खर्च भएको ।
- जि.वि.स बाट रु४००,००,०००।- अनुदान प्राप्त भएको ।
- उपभोक्ता समितिबाट रु८,७३,६३।-जम्मा गरिएको ।
- योजनाबाट बाग्लुङपानी, बेशिसहर, मालिङ, उत्तर कन्य, घनपोखरा, भुजुङ गा.वि.स लाभान्वित रहेका छन् ।
- बाटोको लम्बाई ३.५ कि.मि र चौडाइ ४ मी रहेको ।

**<u>नोटः-</u>**योजना निर्माण पूर्व बाटो ग्रावेल थियो र नाला नहुँदा बर्षाको समयमा पानी बाटो बाट बग्ने हुँदा बाटो हिलो हुने, खनिने गर्थ्यो जसले गर्दा सबारी साधन गुड्न निकै सास्ती रहेको थियो । त्यसै गरि मेसिनरी वाल निर्माण पूर्व त्यस ठाउँ बाट पहिरो जाने, माटो खस्ने समस्या थियो । बाटो साँघुरो हुँदा सबारी साधन आवत जावत गर्न पनि समस्या थियो । हाल योजना निर्माण पश्चात नालाबाट पानी व्यवस्थित रुपमा बग्ने जस्ले गर्दा बाटो हिलो हुने विग्रने समस्या नरहेको साथै बाटो फराकिलो भई सवारी साधन आवत जावत गर्न सुविधा पुगेको देखिन्छ । त्यसै गरि मेशिनरी वाल निर्माणले पहिरो जाने, माटो खस्ने समस्या हटेको छ । समग्रमा स्थानीय बासीहरुलाई यातायात तथा सामान ढुवानीमा टेवा पुगेको ।

**नाम- मिल बहादुर गुरुङ्ग**
**पदः- सदस्य**
**संघसंस्थाः- बेशिसहर भुजुङ हरित सडक स्तरोन्नती उपभोक्ता समिति**
**जिज्ञासाः- बेशिसहर भुजुङ हरित सडक मर्मत गरेपछि स्थानीय बासिहरु जि.वि.स प्रति सन्तुष्टि** भएको छ ।
जि.वि.सले रकम धेरै विनियोजन गरे सडकको स्तरोन्नती चाडै हुने थियो ।
सार्क राष्ट्रको नमुना गाँउ घले गाँउ स्वहि सडक भित्र परेको हुँदा आगामी दिनमा यसबाटोको पिच गरनुपर्ने देखिएकोले यसप्रति जि.वि.सको ध्यानआकर्षण होस ।







❖ **प्यार्दी सडक पुल बेलघारी(अर्चलबोट र भारते सिमाना)**

- योजनाको जम्मा लागत रु १,९०,,००,०००।- खर्च भएको
- पुलको लम्बाई २० मि. रहेको ।
- योजनाबाट प्रत्यक्षरुपमा १७ ओटा गा.वि.सहरु लाभान्वित रहेका छन् ।

**नोटः**-योजना निर्माण पुर्व खोला तर्नलाई झुलुङे पुल थियो साविकको पुल भन्दा अलि तलपटि बाटो भएर ट्याक्टर गुड्ने अवस्था थियो तर बर्षामा त्यो पनि गुड्न सक्ने अवस्था थिएन । सवारी साधन आवतजावत नहुँदा स्थानीयहरु विरामी हुँदा सुत्केरी अवस्थामा छिटो छरितो एम्वुलेन्सबाट अस्पताल लैजान समस्या थियो । डोको, स्ट्रेचरमानै बोकेर झुलुङे पुलबाट लानुपर्ने अवस्था थियो । त्यसैगरि मालसामान बजारबाट घर गाँउसम्म बोकेर लानुपर्ने सास्ती थियो । हाल योजना निर्माण पश्चात सो समस्या हटेको छ । ढुवानीबाट स्थानीय स्तरमा उत्पादीत बालीनालि बेचबिखन गर्न बजार लैजान सजिलो भएको छ । जस्ले गर्दा स्थानीयहरुको आर्थिक स्तरमा पनि वृद्धि भएको देखिन्छ । योजना कार्यान्वयन हुँदा केहि कमजोरी नभई जि.वि.स, स्थानीय लगाएत सवै सरोकार वालाहरुको सहकार्यमा योजना सम्पन्न भएको छ ।

**नामः- रामप्रसाद पौडेल**
**पदः- अध्यक्ष**
**संघसंस्थाः- पुल निर्माण समिति**

जिज्ञासाः- जि.वि.स को लगानीबाट बनेको प्यार्दी खोला मोटर पुल बाट यस अर्चलबोट गा.वि.स र भार्ते संग जोडिएका १७ गा.वि.सहरुलाई आवत-जावत लगायत ढुवानीका लागी सहज र सुलभ किसिमबाट भएको छ र धेरै मानिसहरु खुसि छन् । अव उपरान्तका लागी यस पुलको संरक्षण र संबर्धनका लागी केही थप व्यवस्था भईदिए पुलको आयु पनि बड्ने र पुलको वारी पारीका वाटोमा ग्राबेल गराई बाकी पहिरो बाट सुरक्षित राख्नु पर्ने देखिन्छ । यस पुल निर्माण व्यवसायीले गरेको काम प्रति संपूर्ण मानिसहरु खुशि रहेको र प्राविधीकहरु बाट पनि गुणस्तरका कुनै संझौता नगरी गुणस्तरिय भएको हुनाले सवैपक्षलाई धन्यवाद दिन पनि सहमति सवैको छ ।







❖ **<u>लमजुङ मा.वि गाउँशहर</u>**

- योजनाको जम्मा लागत रु १,३२,००,०००।-खर्च भएको
- यस योजनाबाट ३२३ विध्यार्थिहरु प्रत्यक्ष रुपमा लाभान्वित रहेका छन् ।
- ३० कोठाको छात्रछात्राबास २ तले भवनको र विध्यालय ३ तले भवनको योजना वनेको ।

**<u>नोटः-</u>** यस लमजुङ मा.वि गाउँशहरको विद्यालय भवन र छात्रावासको निर्माण पूर्व विद्यार्थी लगाएत शिक्षक वर्गलाई पठन पाठन गर्न गराउन पुरानो तथा जिर्ण भवनमा गराईन्थ्यो । हाल योजना निर्माण पश्चात त्यस विद्यालयमा अध्यनरत विद्यार्थीहरुलाई पठन पाठन लगाएत छात्रावासको सुविधा भएको छ । निर्माणले गर्दा डेढ घण्टा टाढाबाट आउने विद्यार्थीहरुलाई टेवा पुगेको र निकैनै सहज भएको छ । तर हाल आएर शौचालयको शेफ्टी टैंकी लिगेज भएको कारणले गर्दा शौचालय गर्नमा केहि कठिनाई भएको छ ।

**नामः- सीता बराल**
**पदः- प्रधानाध्यापक**
**संघसंस्थाः- श्री लमजुङ माध्यामिक विध्यालय**

जिज्ञासाः- लमजुङको पहिलो शिक्षण संस्थाको रुपमा २००५ सालमा स्थापित यस विद्यालय लमजुङ दरवार परिसरवाट स्थानान्तरण भइ हाल अवस्थित यस ठाउँमा स्थानान्तरणको अवस्थामा विद्यालयलाई तत्कालीन सरकारबाट सीमित सहयोग प्रदान भएको थियो । त्यस अवस्था विद्यालयको लागि अत्याआवश्यक भौतिक संरचना विधालय भवन र छात्रावास निर्माण र कम्पाउण्ड वाल निर्माणको लागि स्थानीय अभिभावक र जि.वि.सको सहयोगमा भारतीय राजदुतावास मार्फत सहयोग जुटाउने कार्य भई भवन निर्माणमा जि.वि.सवाट सहयोग पुगेकोमा जि.वि.स प्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा विद्यालयलाई सहयोग प्रदान गरिदिनु हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु ।
यस विद्यलय भवन निर्माण कार्यपछि विद्यालयमा विभिन्न प्रयोजनको लागि आवश्यक पर्ने कक्षाकोठा अतिरिक्त विज्ञान प्रयोगशाला पुस्तकालय, कम्प्युटर कक्षाको लागि व्यवस्थान गर्न सहयोग पुगेकोले विद्यालय लाभान्वित भएको छ ।







❖ **<u>पाउँदीखोला पुल खत्री ठाँटी</u>**

- योजनाको जम्मा लागत रु २,१३,००,०००।-खर्च भएको ।
- पुलको लम्बाई ३२ मि. रहेको
- यस योजनाबाट प्रत्यक्ष रुपमा १५ ओटा गा.वि.सहरु लाभान्वित रहेका छन् साथै पश्चिमि भेगका सम्पुर्ण गा.वि.सहरु लाभान्वित रहेका छन् ।

**<u>नोटः-</u>** योजना निर्माण पुर्व सवारी साधन गुड्ने तर सहज रुपमा गुड्ने अवस्था थिएन । मानिसल गायत पशु चौपाएलाई वर्षाको समयमा खोला तर्न नसकिने अवस्था थियो । जस्ले गर्दा बगाएर लैजाने पनि हुन्थ्यो साथै खोलापारीका स्थानीबासीहरु विरामी हुँदा सुत्केरी अवस्थामा एम्बुलेन्सबाट लानसकिने अवस्था थिएन हाल योजना निर्माण पश्चात खोलापारीको गा.वि.सका बासिन्दाहरुलाई वारी सुन्दरबजार आउन मालसमान ढुवानी गर्न सहज पुगेको देखिन्छ गाई वस्तु वारी पारी चरणमा पनि सुविधा पुगेको छ । कुनै पनि बाह्य हस्तक्षेप विना सवै सरोकार वालाहरुको सहकार्यमा योजना सम्पन्न भएको

**नामः- चित्र बहादुर केसी**
**पदः- वार्ड नं. ८ संयोजक**
**संघसंस्थाः-**
**जिज्ञासाः- पुल बन्दा यहाँका सम्पुर्ण जनताहरु पूर्णरुपमा सन्तुष्टि छौ ।**

पुलको तलमाथी दाँया बाँया हुनुपर्ने संरक्षण सम्रचना राम्रो भएन जस्तै पुलबाट दाहिने ग्यारदी खोला सम्म तटबन्धन हुनुपर्ने तर नभएको साथै पुलबाट तल ५०० मि. तटबन्धन दाँया-बाँया नभएको पुल पारी पट्टीको तलमाथी हुनुपर्ने तटबन्धन नभएको । तल माथी गरि पाउँदी खोलामा ३ ओटा चेक ड्याम राख्न पर्ने । जस्तै पुल मुनी २ ओटा र पुलमाथी १ चेक ड्याम हुनु पर्ने व्यहोरा जानकारी







अनुसुची-३

## ११. कार्यक्रममा सहभागि भएकाहरुको केहि झलकहरु










<u>**अनुसुची-४**</u>

## ११.१ कार्यक्रममा उपस्थित सहभागिहरुको नामावली



DATE

[illegible] सोनी जिल्ला[illegible], लमजुङ

[illegible] कुमार [illegible] सामाजिक परिचालक

[illegible] — सामाजिक परिचालक

[illegible] [illegible]

विपिन [illegible] उर्जा अधिकृत, जिविस लमजुङ

निर्णय नं. १

लमजुङ जिल्ला विकास समितिले आर्थिक वर्ष २०७२/०७३ [illegible] [illegible] [illegible] [illegible] सर्वोत्कृष्ट प्रस्तावित [illegible] [illegible], २ जिल्ला विकास समिति [illegible] कर्मचारीहरु [illegible] मिति २०७३/०८/२६ गतेका दिन हस्ताक्षर गरियो ।